म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१६ अङ्क:- १०० २०८१ फागुन १५ गते बिहीबार 27 February 2025, Thursday - पृष्ठ ४ मूल्य रु. ५/-

ट्याङकर सडकबाट खस्दा २ जनाको मृत्यु

हेटौँडा: धादिङ जिल्लाको गल्छी गाउँपालिका-३, गुप्तेश्वरभिरमा ट्याङकर ब्याक गर्ने क्रममा अनियन्त्रित भई सडकबाट खस्दा २ जनाको मृत्यु भएको छ। बुधबार बिहान २ बजेको समयमा गुप्तेश्वरभिरस्थित भित्री सडकमा आदमघाटबाट गुप्तेश्वर मन्दिरमा पानी लिएर जाँदै गरेको बा.प्र ०१-००४ क ३३५२ नम्बरको ट्याङकर ब्याक गर्ने क्रममा सडकबाट ५ सय मिटर तल खसेर दुर्घटना भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ। दुर्घटनामा गुजुरी-६ का १८ वर्षीय प्रशान्त चेपाङ, २० वर्षीय जयराम चेपाङ, १९ वर्षीय सिरिश चेपाङ र १७ वर्षीय सुरेश चेपाङ गम्भिर घाइते भएका थिए। घाइते सबैलाई उपचारका लागि प्राथमिक स्वास्थ्य केन्द्र गजुरी लगिएकोमा प्रशान्त र जयरामलाई बिहान ६ बजेर २० मिनेटको समयमा मृत घोषणा गरिएको थियो। सिरिश र सुरेशलाई थप उपचारका लागि काठमाडौं रिफर गरिएको छ। ट्याङकर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

बागमतीका मन्त्रीको कार्यसम्पादन मूल्यांकन भएन

सामाजिक न्याय र समानता विषयमा केही मन्त्रीहरूले समावेशी र समान अवसरको नीति कार्यान्वयन गर्न सकेको देखिँदैन। प्राकृतिक विपद् र आपत्कालीन स्थितिहरूमा केही मन्त्रीले भूमिका देखाएपनि निर्णय क्षमता र समन्वयमा कमजोरी देखिन्छ। बाढी, पहिरो, वा अन्य विपतका समयमा सरकारको प्रतिक्रिया ढिलो र असमर्थ भएको देखिन्छ।

समाज संवाददाता

हेटौँडा : आर्थिक वर्षको ६ महिना अवधिमा बागमती प्रदेश सरकारको कार्यसम्पादन कमजोर देखिएको छ। प्रदेश सरकारका मन्त्रीहरुको कमजोर कार्यसम्पादन विषयले प्राय: समग्र सरकारको प्रदर्शन र कार्यान्वयनको प्रभावकारिता माथि ध्यान केन्द्रीत गर्दछ। मन्त्रीहरुको कार्यसम्पादन कमजोर हुँदा जनताको विश्वास र सरकारको उद्देश्य प्राप्त गर्न चुनौतीपूर्ण बनिरहेको छ।

सरकारको कार्यसम्पादन मूल्यांकन नागरिकको सेवा र योजनाहरुको कार्यान्वयन, विकास, प्रशासनिक क्षमता, सामाजिक प्रभाव र अन्य क्षेत्रको सुधारहरुको आधारमा गरिन्छ। सरकारको कामकाजको गुणस्तर र प्रभावकारिताबारे जानकारी प्राप्त र सुधारका लागि कार्यसम्पादन मूल्यांकन अनिवार्य जस्तै हो। सरकारले गरेका सडक, पुल, पानी आपूर्ति, शिक्षा, स्वास्थ्य सेवा सम्बन्धी परियोजनाहरुको प्रगति र पूरा हुने दर तथा लागत र समयसीमाका आधारमा कार्यसम्पादन मूल्यांकन गरिन्छ। कार्यसम्पादन मूल्यांकनलाई सरकारले जारी गरेको सूचनाको हक सम्बन्धी ऐनले पनि समेटेको देखिन्छ। सो ऐनले स्वत: प्रकाशन अन्तर्गत सरकारको आवधिक कार्यसम्पादन मूल्यांकन गर्नुपर्ने व्यवस्था रहेको छ।

गत साउन ९ मा सरकारको नेतृत्व लिएर कार्यभार सम्हालेका मुख्यमन्त्री लामाले बलियो गठबन्धनसहित क्याविनेटमा विषयगत मन्त्रालय थप गरेर १४ मन्त्री कायम गर्नुभएको छ। उहाँले नेतृत्व लिए लगत्तै गत ५ भदौमा मन्त्रीहरुसँग कार्यसम्पादन सम्झौता गर्नुभएको थियो। चालु आर्थिक वर्ष २०८१/०८२ का लागि मन्त्रीहरुसँग सम्पादन गर्नुपर्ने कामहरु, कार्ययोजना, समयसीमा, प्रक्रिया तथा कानुनी विषयहरुमा सम्झौता भएको थियो। प्रदेश सरकारका कार्यक्रम र योजनाको प्रगतिको अनुगमन गर्न सहज बनाउन मुख्यमन्त्री लामा कार्यसम्पादन सम्झौता गरेका थियो। मन्त्रीहरुको मूल्यांकन गर्ने गरी कार्यसम्पादन सम्झौता गरिएपनि सो ढंगबाट काम हुन सकेको देखिँदैन।

कार्यसम्पादन सम्झौताको मूल्यांकन नहुँदा विकास योजनाहरुको मापदण्ड र समयसीमा लगायतका विषयमा समस्या देखिउको छ। मन्त्रीहरुका नेतृत्वमा विकास योजना र परियोजनाहरुमा ढिलाइ हुनुको साथै निर्माण कार्यहरु समयमै सम्पन्न नहुने स्रोतको उचित सदुपयोग नहुने र परियोजनाको प्रगति सुनिश्चिततामा मन्त्रीहरुको भूमिका कमजोर देखिएको हो। यसका कारण प्रदेश सरकारले संचालन गरेका आयोजनाहरुले नागरिकका आवश्यकता र अपेक्षाहरु पूरा गर्न सकेको छैन।

सरकारको कमजोर कार्यसम्पादनका कारण विकासका ठूला परियोजनाहरुमा समय र बजेट व्यवस्थापनमा कठिनाइ हुँदा नागरिकको जीवनस्तर सुधार्ने लक्ष्यलाई कमजोर बन्दै गइरहेको विश्लेषकहरु बताउँछन्। जसका कारण प्रदेश सरकारको राजस्व संकलन र वित्तीय व्यवस्थापन अत्यन्त न्यून देखिएको छ। राजस्व संकलनमा पारदर्शिता र कडा नियन्त्रणको अभावले वित्तीय व्यवस्थापनलाई असर पर्दै आएको छ। मन्त्रीहरुको नेतृत्वमा कर संकलन प्रणालीलाई सुधार्नका लागि कुनै विशेष कदम हुन सकेको छेन। जसको प्रत्यक्ष असर प्रदेश सरकारको आर्थिक अवस्थामा प्रष्ट देखिन्छ।

सरकारको कार्यसम्पादन मूल्यांकन नहुँदा शासन र प्रशासनिक सुधारको कमी देखिएको छ। प्रशासनिक सुधारमा सरकार असफल देखाएका छन् भने भ्रष्ट्राचार र अव्यवस्था सम्बोधन नगर्नु, कर्मचारीहरूको दक्षता वृद्धि र पारदर्शी प्रशासनको अभावले सरकारको विश्वसनीयता घटाइरहेको देखिन्छ। सरकारको योजना अनुसार काम नहुँदा नागरिकहरुमा चरम असन्तुष्टि देखिएको छ। नागरिकहरु मन्त्रीहरुको कमजोर कार्यसम्पादनले जनताको सन्तुष्ट हुन सकिरहेका छैनन् भने मन्त्रीहरुले शिक्षा र स्वास्थ्य सेवामा विशेष सुधार ल्याउनका लागि पर्याप्त कदम नचालेको नागरिकको गुनासो छ।

सामाजिक न्याय र समानता विषयमा केही मन्त्रीहरुले समावेशी र समान अवसरको नीति कार्यान्वयन गर्न सकेको देखिँदैन। प्राकृतिक विपद् र आपत्कालीन स्थितिहरुमा केही मन्त्रीले भूमिका देखाएपनि निर्णय क्षमता र समन्वयमा कमजोरी देखिन्छ। बाढी, पहिरो, वा अन्य विपतका समयमा सरकारको प्रतिक्रिया ढिलो र असमर्थ भएको देखिन्छ।

बागमती प्रदेशका मन्त्रीहरुको कमजोर कार्यसम्पादन विभिन्न कारणहरुले प्रभावित छ। योजनाहरूको कार्यान्वयनमा ढिलाइ, प्रशासनिक सुधारको कमी, वित्तीय व्यवस्थापनमा असफलता, र जनताको सन्तुष्टि सुनिश्चित नगर्नु प्रमुख चुनौतीहरु हुन्। यसका लागि पारदर्शिता, कार्यसम्पादनको निगरानी, र समयमै निर्णय लिन सक्ने क्षमता वृद्धि गर्नुपर्ने आवश्यकता छ।

मुख्यमन्त्रीको नजरमा मन्त्रीहरूको ग्रेडिङ

बागमती प्रदेशका मुख्यमन्त्री लामाले आन्तरिक छलफलका क्रममा विभागीय १४ मन्त्रीहरुको सामान्य ग्रेडिङ गर्नुभएको छ। उहाँले सेवा प्रवाह, योजना कार्यक्रम कार्यान्वयन, नीति निर्माण, प्रशासनिक दक्षता र गुणस्तरीयता, सूचना प्रणाली तथा निर्णायक भूमिकाका आधारमा मूल्यांकन गर्नुभएको छ।

मुख्यमन्त्री लामाको सचिवालयका अनुसार कार्यसम्पादनमा प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले उत्कृष्ट काम गरेको छ। क्याविनेटका विषय, निर्णायक भूमिका, सेवा प्रवाह र गुणस्तरीयता, विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापनमा सो मन्त्रालयले महत्वपूर्ण भूमिका निर्वाह गरेको मुख्यमन्त्री लामाको मूल्यांकन रहेको छ। सो मन्त्रालयले गत असोजमा भएको विपद्को घटनामा नागरिक समक्ष प्रदेश सरकारको उत्कृष्ट भूमिका निर्वाह गरेको सचिवालयका एक सचिव बताउँछन्।

उनका अनुसार सरकारले क्याविनेटबाट निर्णय गर्ने चरण रहँदै गर्दाको अवस्थामा सरकारको उपस्थिति प्रभावित क्षेत्रका नागरिकमा पुऱ्याएको थियो। सो मन्त्रालयले कानुन निर्माण, कार्यान्वयन तथा संघीय सरकारसंगको समन्वय र डिलिङ पावरमा समेत सशक्त भूमिका निर्वाह गरेको उनको भनाई छ। मुख्यमन्त्री लामाले दोस्रो नम्बरको मन्त्रालयमा भौतिक पूर्वाधार विकास मन्त्रालयलाई राख्नुभएको छ। प्रदेश सरकारको कुल बजेटको ३० प्रतिशत भन्दा बढी बजेट होल्ड गरेको उक्त मन्त्रालयले कम समयमा नै कार्यसम्पादनमा फड्को मारेको उहाँले बताउनुभयो। स्रोत अभावका बिचमा विपद् प्रभावित क्षेत्रका सडक सञ्जाल खुलाउन विभागीय मन्त्रीको भूमिका महत्वपूर्ण रहेको सचिवालयको भनाई छ। विकास निर्माणका काम संचालन, गुणस्तर र समयसिमा भित्रै योजनाको सम्पन्न गर्न भौतिक पूर्वाधार मन्त्रीको भूमिका राम्रो रहेको मुख्यमन्त्री लामाको बुझाई रहेको सचिवालयका ती कर्मचारी बताउँछन्। विषय विज्ञ भएकाले पनि सो मन्त्रालयको कार्य सम्पादन उत्कष्ट रहेको उहाँको भनाई छ।

सो पश्चात अन्य मन्त्रालयहरुको कार्यसम्पादन सन्तोषजनक रहेको मुख्यमन्त्री लामाको बुझाई छ। उहाँका अनुसार आर्थिक मामिला तथा योजना मन्त्रालय कार्यसम्पादन नतिजामुखी बनाउने तथा प्रदेशको आर्थिक वृद्धिको चरणमा रहेको छ भने युवा तथा खेलकुद मन्त्रालयले खेलकुद क्षेत्रको विकाससँगै पूर्वाधार निर्माण तथा खेलाडी प्रोत्साहन र युवा स्वरोजगारमा भूमिका देखाउँदै आएको छ। सम्बन्धित विधामा पोख्त रहेका मन्त्री नियुक्त भएकाले पनि कम स्रोतमा निकै काम गर्न सकेको मुख्यमन्त्री लामाको भनाई छ।

सामाजिक विकास मन्त्रालय नियमित कार्यक्रम तथा नीति निर्माणमा सक्रिय रहेको छ। उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय, खानेपानी उर्जा तथा सिंचाई मन्त्रालयको कार्यसम्पादन सन्तोषजनक रहेको छ भने कृषि तथा पशुपन्छी विकास मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, संस्कृति तथा पर्यटन मन्त्रालय र श्रम, रोजगार तथा यातायात मन्त्रालयको कार्य सम्पादन कमजोर देखिएको छ। विभागीय मन्त्रीहरुको सोच वृहत्त र व्यापक हुन नसक्दा मन्त्रालयको कार्य सम्पादन कमजोर भएको सचिवालयका ती कर्मचारीको भनाई छ। विगतका सरकारले गरेको कमजोरी ढाकछोपमा मन्त्रीहरु संकीर्ण बनिरहेको उनको भनाई छ।

विधि बनाएर मन्त्रीको मूल्यांकन गर्ने चरणमा छौं: मुख्यमन्त्री लामा

मुख्यमन्त्री लामाका अनुसार मन्त्रीहरुको कार्यसम्पादन करारका आधारमा मूल्यांकनको तयारी गरिएको छ। विगतका सरकारले उक्त विषयलाई कार्यान्वयन नगरेको देखिएकाले आवधिक रुपमा मन्त्रीहरुको मूल्यांकन गर्ने सरकारको तयारी रहेको उहाँले बताउनुभयो। संघीय सरकारको मोडल अनुसार जाने वा अन्य कुनै तरिकाबाट गर्ने भन्ने विषयमा छलफल भइरहेको उहाँले बताउनुभयो। केन्द्रमा मूल्यांकन नतिजा अंक निर्धारण गरे मन्त्रीहरुको कार्यसम्पादन हुने गरेको उहाँले बताउनुभयो। तर, प्रदेशमा फरक ढंगबाट गर्ने भन्ने विषयमा छलफल भइरहेको उहाँको भनाई छ। छिट्टै नै विधि निर्धारण गरेर मन्त्रीहरुको कार्य सम्पादनको मुल्यांकन गरिने मुख्यमन्त्री लामाले जानकारी दिनुभयो।

मन्त्रीहरुको मूल्यांकन सेवा प्रवाह, नीति निर्माण, योजना कार्यान्वयन, संविधान र संघीयताका सवालको बहस लगायतका विषयमा आधारित रहेर हुने उहाँले बताउनुभयो। उहाँका अनुसार प्रदेश सरकारको ६ महिनामा विभिन्न विधि निर्माणमा केन्द्रीत भएकाले पर्याप्त मात्रामा नतिजा हात नपरेको उनको भनाई छ। यद्यपी सरकारका मन्त्रीहरुको मूल्यांकन दर्ा आन्तरिक मामिला तथा कानुन मन्त्रालयले पहिलो नम्बरमा रहेको मुख्यमन्त्री लामाले बताउनुभयो।

भीम विराग प्रतिष्ठानले विभिन्न विधाका ११ जनालाई सम्मान गर्ने

पत्रकार सम्मेलन

सम्मान कार्यक्रमबारे जानकारी गराउँदै प्रतिष्ठानका पदाधिकारी।

समाज संवाददाता

हेटौँडा : भीम विराग संगीत, साहित्य, कला प्रतिष्ठानले विभिन्न विधाका ११ जना व्यक्तिलाई सम्मान गर्ने भएको छ। बुधबार पत्रकार सम्मेलनमार्फत पत्रकार, उद्यमी, संगीतकार, साहित्यकार, स्वास्थ्यकर्मी र विद्यार्थीलाई सम्मान गर्न लागेको भीम विराग संगीत, साहित्य, कला प्रतिष्ठानका अध्यक्ष केशवलाल श्रेष्ठले जानकारी दिनुभयो।

फागुन १७ गते शनिबार हेटौँडामा एक समारोहका बीच भीम विराग राष्ट्रिय साहित्य पुरस्कार-२०८१ बाट काठमाडौंकी माया ठकुरी, भीम विराग राष्ट्रिय संगीत पुरस्कार-२०८१ बाट रुपन्देहीका गायक हेमन्त शर्मा, भीम विराग राष्ट्रिय कला पुरस्कार-२०८१ बाट मकवानपुरका कलाकार भोलाराज सापकोटा, भीम विराग राष्ट्रिय पत्रकारिता पुरस्कार-२०८१ बाट काठमाडौंका पत्रकार/साहित्यकार ठाकुर बेल्वासेलाई सम्मान गरिने भएको छ। यी सबै सम्मान जनही नगद २५ हजार रुपैयाँसहित सम्मानपत्र प्रदान गरिने उहाँले बताउनुभयो।

यस्तै तुलसीमाया-शिवकुमारी सृजनशील नारी पुरस्कार-२०८१ बाट मकवानपुरकी महिला उद्यमी शोभा श्रेष्ठ, शिला नारी पुरस्कार-२०८१ बाट मकवानपुरकी महिला उद्यमी मेनका श्रेष्ठ, चिनुकुमारी लामा स्मृति साहित्य पुरस्कार-२०८१ बाट मकवानपुरका साहित्यकार/बाल साहित्य अभियानकर्मी दीपक गौतमलाई प्रदान गरिने भएको छ। यी सबै पुरस्कारको राशि जनही १५ हजार रुपैयाँसहित सम्मानपत्र प्रदान गरिने अध्यक्ष श्रेष्ठले जानकारी दिनुभयो।

भीम-मथुरा बाल प्रतिभा पुरस्कार-२०८१ बाट मकवानपुरकी मेधावी विद्यार्थी रितिका छत्कुली, मंगलादेवी स्मृति स्वास्थ्य सेवा पुरस्कार-२०८१ बाट मकवानपुरकी स्वास्थ्यकर्मी निर्मला ब्लोन, अजित सेन-कमलेश्वरी गुप्ता भिन्न क्षमता पुरस्कार-२०८१ बाट मकवानपुरका दृष्टिविहीन मेकानिक सुदर्शन ढकाललाई प्रदान गरिने भएको छ। यी सबै पुरस्कारको राशि जनही १० हजार रुपैयाँसहित सम्मानपत्र प्रदान गरिने उहाँले बताउनुभयो। रामकृष्ण बानियाँ स्मृति लोक संगीत पुरस्कार-२०८१ बाट पर्वतका लोक दोहोरी गायक कुलेन्द्र विश्वकर्मालाई २० हजार राशिसहित सम्मान गरिने श्रेष्ठले जानकारी दिनुभयो। पुरस्कार वितरण समारोहमा गायक हेमन्त शर्मा तथा लोक दोहोरी गायक कुलेन्द्र विश्वकर्माको विशेष सांगीतिक प्रस्तुती रहने अध्यक्ष श्रेष्ठले बताउनुभयो।

चैत ५ मा स्ववियु निर्वाचन

मकवानपुर क्याम्पसमा निर्वाचन समिति गठन

समाज संवाददाता

हेटौँडा : आगामी चैत ५ गते हुने स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) को निर्वाचनका लागि हेटौँडा-२ स्थित मकवानपुर बहुमुखी क्याम्पसले निर्वाचन समिति गठन गरेको छ। बुधबार क्याम्पस सञ्चालक समितिको बैठकले क्याम्पसका प्राचार्य सन्देश विडारीको संयोजकत्वमा ४ सदस्यीय निर्वाचन समिति गठन गरिएको सहायक क्याम्पस प्रमुख संगम चौलागाईले जानकारी दिनुभयो।

२०७९ साल चैत ५ गते सम्पन्न स्ववियु निर्वाचनबाट निर्वाचित पदाधिकारीको कार्यकाल आगामी चैत ४ गते कार्यकाल सकिँदैछ। त्रिभुवन विश्वविद्यालयले स्ववियु निर्वाचनको कार्यतालिका सार्वजनिक गर्दै चैत ५ गते मतदान हुने मिति तय गरेको छ। मकवानपुर बहुमुखी क्याम्पसले निर्वाचन समितिको सदस्यमा उमेश अर्याल, गौतम केसी, र प्रकाश पहाडी रहने गरी ४ सदस्यीय समिति गठन गरेको हो।

त्रिभुवन विश्वविद्यालयले फागुन १९ गते संघ, संगठन, समूह दर्ताको मिति तय गरेको छ। मतदाताको सूचि फागुन २१ गते सार्वजनिक गर्नुपर्ने, उम्मेद्वारी दर्ता फागुन २७ गते तय गरेको छ। विद्यार्थीको हकहितको पक्षमा पैरवी गर्ने औपचारिक संस्थाको रुपमा स्ववियुको परिकल्पना गरिएको हो। स्ववियुले क्याम्पसको सञ्चालक समितिमा समेत विद्यार्थीको प्रतिनिधित्व गर्ने गर्दछ।

हेटौंडा आईडल

शिवम् सिमेन्ट
असली OPC सिमेन्ट
SINCE 2003

स्ट्रेञ्ज पार्टनरः शिवम् सिमेन्ट
"Quality संगैं समयमै Delivery को मामलामा पनि No Compromise"

शोभायात्रा:
मिति :२०८१ फागुन ६ गते
समय: बिहान १०:३० बजे

CONSTRUCTION EXPO-2
दोस्रो राष्ट्रिय निर्माण तथा ब्यापार महोत्सव-२०८१
फागुन २०८१ फागुन ६ गतेदेखि १८ गतेसम्म
स्थान : हेटौंडा-१०, टिसिएन चौर।
आयोजक : निर्माण व्यवसायी संघ, मकवानपुर। सम्पर्क: ०५७-५२०८१६

महोत्सवका आकर्षणहरू
☞निर्माण उपकरण तथा सामग्रीहरुको प्रदर्शनी एवम् बिक्री।
☞बहुराष्ट्रिय कम्पनीहरुको उत्पादनको प्रदर्शनी एवम् बिक्री।
☞सूचना प्रविधि प्रदर्शनी।
☞कृषि उत्पादनको प्रदर्शनी तथा कृषि प्रतियोगिता।
☞दैनिक राष्ट्रिय/स्थानीय कलाकारहरुको प्रश्तुती।
☞शैक्षिक, घरजग्गा, अटो तथा खाना महोत्वस।
☞मनोरञ्जनात्मक बाल उद्यान।
☞नविनतम उपकरणहरुको प्रदर्शनी।
☞ नयां/नौलो प्रबिधिको प्रदर्शनी।

समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

सम्पादकीय

प्रदेश सरकारको प्रभावकारिता

सत्ता गठबन्धनका प्रमुख दुई दल नेपाली कांग्रेस र नेकपा एमालेले बागमती प्रदेश सरकारको काम कारबाही प्रभावकारी बनाउन निर्देशन दिएको छ । सत्ता साझेदार दुई दलको बागमती प्रदेशस्तरीय संयन्त्रको बैठकले प्रदेश सरकारलाई प्रभावकारी बनाउन ७ बुँदे निर्णयसहित निर्देशन दिएको छ । बागमती प्रदेशमा ७ वर्षको अवधिमा ५ जना मुख्यमन्त्री भएर सरकार चलाए पनि सरकारको प्रभावकारिता देखिएको छैन । प्रदेश सरकार जसोतसो चल्नेबाहेक उल्लेख्य र प्रभावकारी काम गर्न सकेको देखिँदैन । प्रदेशसभाका दुई ठूला दलहरुको गठबन्धनबाट वर्तमान सरकार बनेको भए पनि सरकारले प्रभावकारी काम गर्न नसकेपछि सत्तारुढ दुई दलको प्रदेशस्तरीय संयन्त्रको बैठक बसेको हो । संयन्त्र संयोजक एवम् एमाले बागमती प्रदेश इन्चार्ज डा. राजन भ राईको अध्यक्षतामा ललितपुरमा बसेको बैठकले ७ बुँदे निर्णय गरेको छ ।

बैठकमा सरकारले आफू मातहतका निकायमा राजनीतिक नियुक्तिसमेत गर्न नसकेको भन्दै सरकारको आलोचना भएको थियो । प्रदेश सरकार अन्तर्गतका विभिन्न निकायमा हुनुपर्ने राजनीतिक नियुक्ति समयमा नै गर्नुपर्ने, सरकारले तय गरेका आयोजनाहरुलाई यथाशीघ्र सम्पन्न गर्न र पुँजीगत खर्च बढाउन छिटो, छरितो एवम् प्रभावकारी तवरले योजना कार्यान्वयन गर्न बैठकले निर्देशन दिने निर्णय गरेको छ । गत ११ र १२ असोजको वर्षा र बाढीबाट क्षति भएका प्रदेशभित्रका संरचना पुनर्निर्माण र विस्थापितलाई पुनर्स्थापना गर्ने काममा ढिलाई भएको भन्दै तीव्रता दिन निर्देशन दिएको छ । विपद् जोखिम व्यवस्थापनका लागि पूर्वतयारी प्रभावकारी बनाउन बागमती प्रदेश सरकारलाई संयन्त्रले निर्देशन दिएको छ । प्रदेशभित्र रहेका समस्याग्रस्त सहकारीहरुको उचित व्यवस्थापन गर्न, प्रदेश सरकारका अलपत्र योजना सञ्चालनमा पनि संयन्त्रले चासो देखाएको छ ।

संघीयताको मुख्य आकर्षक मानिएको प्रदेश संरचना नै प्रभावकारी हुन नसक्दा प्रदेशको औचित्य पुष्टि हुन सकिरहेको छैन । बागमती प्रदेश सरकारले वार्षिक ६० अरबभन्दा बढी बजेट कार्यान्वयन गर्दै आए पनि उपलब्धि कमजोर छ । प्रदेश सरकारले गौरबका योजनाको रुपमा अघि बढाएको कयौं योजना सुरुसमेत हुन सकेको छैन । सुरु भएका गौरबका कुनै योजनाले पूर्णता पाउन सकेको छैन । निर्माण गरिएका कयौं संरचना सञ्चालनमा ल्याउन सकिएको छैन । सामान्य प्रकारका सडक, पुल, पार्क, पैदलमार्ग, रेलिङ, तटबन्ध, भवनजस्ता खुद्रा योजना निर्माणमा मात्र प्रदेश सरकार सिमित बनेको छ । तीन तहको संघीय शासन व्यवस्थामा प्रदेश तहको संरचना नयाँ हो । नयाँ संरचना भएकाले सुरुवातमा कामको गति र प्रभावकारितामा केही अलमल देखिनु स्वभाविक भए पनि ७ वर्षसम्म पनि सुस्त देखिनुले प्रदेश सरकारको गति बढाउनु आवश्यक छ ।

अझै पनि प्रदेश सरकारले आफूलाई आवश्यक सबै कानुन निर्माण गर्न सकेको छैन । प्रदेश राजधानीमा प्रादेशिक प्रशासनिक संरचना निर्माण समेत सुरु गर्न नसकेको प्रदेश सरकारले अन्यत्र के काम गर्ला ? वर्षेनि घोषणा गर्ने गरेको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको अवस्था समेत निष्प्रभावी भइरहेको छ । नेकपा एमाले, नेकपा माओवादी र नेपाली कांग्रेस तीनवटै प्रमुख दलले प्रदेश सरकारको नेतृत्व गर्ने मौका पाइसक्दा पनि अपेक्षित काम गर्न नसक्नुले प्रदेश सरकार प्रभावकारी हुन नसकेको हो । राजनीतिक र प्रशासनिक नेतृत्वको कार्यशैली र संस्कार परिवर्तन नहुँदासम्म जस्तोसुकै शासन व्यवस्था पनि प्रभावकारी हुँदैन । हामीले अनेकौं संघर्ष र आन्दोलन गरेर व्यवस्था परिवर्त गरे पनि कार्यशैली परिवर्तन गर्न नसक्दा अवस्था नबदलिएको हो । मन्त्री र कर्मचारीको सोच र कार्यशैली परिवर्तन भएमात्र प्रदेश सरकारको काम प्रभावकारी हुने सम्भावना देखिन्छ ।

महत्वपूर्ण फोन नम्बरहरु

जिल्ला प्रशासन कार्यालय	५२०४९५	चित्लाङ इलाका	६२१०००
जिल्ला प्रहरी कन्ट्रोल	१००	वारुण यन्त्र	१०१
ट्राफिक प्रहरी	१०३	बालबालिका खोजतलास केन्द्र	१०४
वडा प्रहरी	५२०२९९	बाल हेल्पलाइन	१०९८
पशुपतिनगर इलाका	५२०५९८	हेलो सरकार	११११
मनहरी इलाका	९८५५०९०१६१	नेपाल टेलिकम सोधपुछ	१९७
भीमफेदी इलाका	६९१४६२	एम्बुलेन्स	१०२
पालुङ इलाका	६२०४६७	नेपाल विद्युत प्राधिकरण गुनासो	११५०
फापरबारी इलाका	६२१९८०		

तपाईंको राशिफल

पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

मेष	: ज्ञान र क्षमतामा वृद्धि हुने समयको योग छ ।
वृष	: व्यापार–व्यवसाय मध्यमकारक रहने समय छ ।
मिथुन	: रोकिएका कामहरु पूर्ण हुने समय योग छ ।
कर्कट	: धार्मिक र सामाजिक कामले मन शान्ति होला ।
सिंह	: धार्मिक काममा रुचि बढ्ने समय योग छ ।
कन्या	: मिहिनेतले मान–सम्मान बढ्ने समयको योग छ ।
तुला	: परीक्षा–प्रतियोगिताका काममा सफलता नहोला ।
वृश्चिक	: धार्मिक र परोपकारजन्य काममा समय बित्ला ।
धनु	: आलस्यले डेरा जमाउने समयको योग छ ।
मकर	: प्रतियोगी र प्रतिद्वन्द्वीसँग विजय प्राप्त हुनेछ ।
कुम्भ	: सामाजिक र परोपकारजन्य काममा सरिक भइने छ ।
मीन	: आँटे ताकेका कामहरु सम्पन्न हुने समयको योग छ ।

माटो हाम्रो जीवित साथी

दिनेश पाण्डे

© onlinekhabar.com

एउटा घरमा परिवारका सबै जना आ-आफ्नो काममा व्यस्त छन् । बुबा भैंसी दुहुनुहुन्छ, गाईभैंसीलाई घाँस-पानी दिनुहुन्छ, अनि गोठ सफा गर्दै मल (भकारो) संकलन गर्नुहुन्छ, जुन पछि खेतमा मलको रुपमा प्रयोग गरिन्छ । आमा भान्सामा खाना पकाइरहनुभएको छ, दाजु सानी बहिनीलाई गृहकार्यमा मद्दत गर्दै हुनुहुन्छ । सबैको आ-आफ्नो काम छ, जसले घर राम्रोसँग चलेको छ। यो कथा नौलो होइन, हाम्रो समाजमा यस्तो दृश्य बारम्बार देखिन्छ ।

अब माटोभित्र लुकेको अदृश्य शहरको कल्पना गरौं। वैज्ञानिकहरूले हाम्रो बगैंचा, करेसाबारी वा खेतमा देखिने धुलो जस्तो कणलाई 'माटो' भन्छन् । माटो केवल पृथ्वीको बोटबिरुवा उम्रिने सतह मात्र होइन, यहाँ त अरबौं जीव बस्छन्। गँड्यौला, ब्याक्टेरिया, ढुसी, नेमाटोड्स, आइसोपोड्स र अरू धेरै ।

हाम्रो घरका सदस्यहरु जस्तै गँड्यौलाले माटोलाई खुकुलो बनाउँछन्, ब्याक्टेरियाले मललाई पोषणमा बदल्छन्, केही अन्य जीवहरू माटो सफा गर्छन्, केही किसानले जस्तै माटोमा मल बनाउँछन् र अरु केही वैज्ञानिक जस्तै माटोभित्रका सबै प्रक्रियालाई व्यवस्थापन गर्छन् । माटो पृथ्वीमा हुने सबैभन्दा रोचक र जटिल पर्यावरणीय प्रणालीहरुमध्ये एक हो । सधैं खनीखोस्री गर्ने माटोका बारेमा हामीले कति बुझेका छौं त !

आखिर माटो के हो ? माटो पानी, हावा, खनिज र प्राङ्गारिक पदार्थको संयोजन हो । सामान्यतया माटोमा ४५ प्रतिशत खनिज, २० देखि ३० प्रतिशत पानी, २० देखि ३० प्रतिशत हावा र ५ प्रतिशत प्राङ्गारिक पदार्थ (मरेका बोटबिरुवा र जनावरहरूको भाग) हुन्छ। हावा र पानी माटोको छिद्रहरुमा मिलेर बसेका हुन्छन् । माटोमा हावा र पानीको मात्रा लगभग बराबर भएको उचित मानिन्छ । माटोमा प्राङ्गारिक पदार्थको मात्रा सबैभन्दा कम भए तापनि यसले माटोको स्वस्थता, पौष्टिकता र उत्पादकत्वलाई निकै प्रभाव पारेको हुन्छ ।

के माटो जीवित वस्तुहरुले भरिपूर्ण छ भनेर हामी विश्वास गर्न सक्छौं ? यदि एउटा सानो चिया चम्चा माटो उठाउँछौं भने त्यसमा संसारको हालको जनसंख्याभन्दा (८ अर्ब) धेरै गुणा बढी जीवहरु हुन सक्छन्। अर्थात् माटो असंख्य जीवहरुको विशाल घर हो । माटोमा रहेका जीवहरुले पनि हामी जस्तै खाना खान्छन्, बढ्छन्, अक्सिजन प्रयोग गर्छन् र कार्बनडाइअक्साइड उत्सर्जन गर्छन् । यसरी माटो एक गतिशील पदार्थ हो, जसले माटोभित्रका जीवहरुलाई प्रभाव पार्छ र जीवित वस्तुहरुबाट पनि प्रभावित हुन्छ ।

माटोका विभिन्न भागहरु (जस्तैः चट्टानको आकार, पोषण र पानीको मात्रा) अनुसार त्यहाँ विभिन्न जीवहरु बसोबास गर्छन् । यी जीवहरु मिलेर एउटा सानो समुदाय बनाउँछन्। माटोका साना कणहरु वा जीवित वस्तुमा बस्ने साना जीवहरुलाई सूक्ष्मजीव भनिन्छ । उदाहरणका रुपमा माटोमा ढुसीहरु हुन्छन् जसको आकार सानो र जरा जस्तो हुन्छ र यी ढुसीहरुले अन्य जीवहरुसँग सम्पर्क गरेर जानकारी आदानप्रदान गर्छन्। त्यस्तै ब्याक्टेरिया जस्ता सूक्ष्मजीवलाई माइक्रोस्कोप विना देख्न सकिंदैन । बोटबिरुवाका जरामा बस्ने साना जीवहरुलाई राइजोस्फियर सूक्ष्मजीव भनिन्छ ।

सबैभन्दा रोचक कुरा, माटोका सूक्ष्मजीवहरुले आपसमा र अन्य बोटबिरुवा तथा जनावरहरुसँग पनि संवाद गर्न सक्छन्। यस्तो संवादलाई रासायनिक संवाद भनिन्छ, जसमा साना अणुहरुको प्रयोग गरिन्छ । यी अणुहरु परमाणु नामक साना बलहरूको समूहबाट बनेका हुन्छन्। यस्ता परमाणुहरु कार्बन, हाइड्रोजन, अक्सिजन र नाइट्रोजन जस्ता महत्वपूर्ण तत्वहरु मिलेर बनेका हुन्छन्, जसले पानी र कार्बनडाइअक्साइड जस्ता अणुहरू बनाउँछन् । यस्ता अणुहरूको विशेष संयोजनले माटो र जीवनका विभिन्न प्रक्रिया चलाउँछन् ।

केही अणुहरु ग्याँसका रुपमा माटोको हावाका छिद्रहरुबाट एक ठाउँबाट अर्को ठाउँमा जान्छन् । ठिक हामीले फूलको वा ताजा पाकेको रोटीको बास्ना नाकले थाहा पाउँदा जस्तै बोटबिरुवाका जराले पनि यी ग्याँसहरुको बास्ना थाहा पाउँछन् ।

रासायनिक संवाद केवल सूक्ष्मजीवबाट बोटबिरुवासम्म मात्र होइन, दुईतर्फी पनि हुन्छ । बोटबिरुवाले पनि सूक्ष्मजीवहरुले बुझ्न सक्ने अणुहरु उत्पादन गर्छन्। 'अवतार २- पाण्डोरन न्यूरल नेटवर्क' नामक चलचित्रले यस विषयमा सरल रुपमा बुझाउन खोजेको छ । जसमा पाण्डोराका वनस्पति र जीवजन्तुहरूले एकअर्कासँग कसरी सञ्चार गर्छन् भन्ने कुरा स्पष्ट देखाइएको छ ।

कुनै पनि बिरुवाको वृद्धि र विकासको लागि रासायनिक तत्वहरु आवश्यक हुन्छन्, जसमा १८ वटा तत्वहरु विशेषगरी महत्वपूर्ण छन् । यी आवश्यक तत्वहरु बिरुवाले दुई विभिन्न स्रोत- माटो र हावाबाट प्राप्त गर्छ। प्रायः माटोका सूक्ष्मजीवहरूले बोटबिरुवाका लागि आवश्यक पोषकतत्व उपलब्ध गराएर तिनीहरुको वृद्धि र विकासमा मद्दत गर्छन्।

उदाहरणको लागि, राइजोबियम ब्याक्टेरियाले हावामा रहेको नाइट्रोजनलाई अमोनियामा रुपान्तरण गर्छ, जसलाई बोटबिरुवाले आफ्नो वृद्धि र विकासको लागि उपयोग गर्छ । सूक्ष्मजीवहरूले बोटबिरुवालाई रोगजनक ब्याक्टेरिया र शत्रुजीवसँग लड्नमा पनि सहयोग पुर्‍याउँछन् । यद्यपि, वातावरणका निर्जीव तत्वहरू जस्तै, सूर्यको प्रकाश, तापक्रम र पानीका फाइदाजनक र हानिकारक प्रभावहरू हुन्छन् । उदाहरणका लागि पानीको कमीले बोटबिरुवालाई कमजोर पार्न सक्छ। यस्ता कठिन परिस्थितिहरूमा लाभदायक सूक्ष्मजीवहरूले बोटबिरुवालाई जिउन र विकास गर्न सहयोग गर्छन् ।

अतः माटो एक जीवित र जटिल प्रणालीको रुपमा बुझ्न सकिन्छ, जसको स्वास्थ्यका लागि माटोका जीवाणुहरू महत्वपूर्ण छन् । किसानको दृष्टिमा, माटोको मुख्य उद्देश्य बाली उत्पादन गर्नु हो, जसका लागि माटोले पर्याप्त पानी, पोषकतत्वहरू र शत्रुजीव नियन्त्रणको वातावरण प्रदान गर्नु आवश्यक छ ।

यसरी स्वस्थ माटो भनेको बालीको दिगो उत्पादनको लागि यी सबै कुराहरू मिलाएर माटोले निर्वाह गर्ने भूमिका हो। हाम्रा खेती विधि र अभ्यासहरूले माटो प्रणालीमा बिरुवाका पोषकतत्वहरूको प्रवाह र सन्तुलनलाई विभिन्न स्रोतहरूबाट मद्दत पुर्‍याएको छ ।

शताब्दीयौंदेखि माटोको उर्बरता पुनः पूर्तिका लागि परम्परागत खेतीले गोठेमल जस्ता प्राङ्गारिक मलहरूको प्रयोगलाई मान्यता दिएको छ, जसले माटोलाई पोषकतत्वहरू दिन्छ र स्वस्थ राख्छ । कम्पोस्ट पशुपालन र जनावरको मल स्रोतलाई कुहाएर बनाएको एक प्राङ्गारिक मल हो । जनसङ्ख्या वृद्धिसँगै, आजको समयमा जमिनको उत्पादकत्वमा वृद्धि गर्नुपर्ने चर्को दबाब बढेको छ र रासायनिक मल तथा विषादीहरूको प्रयोग बढ्नुले माटोको स्वास्थ्यलाई नोक्सान पुर्‍याउन सक्छ, त्यसैले यसमा सतर्कता अपनाउनु आवश्यक छ ।

माटो हाम्रो साथी हो । माटो पनि हामी जस्तै जीवित छ। माटोले मानिसलाई बाँच्न मद्दत गर्छ। त्यसैले माटोको हेरचाह गर्नुपर्छ। यसको स्वास्थ्यलाई जोगाउनुपर्छ। माटोले हाम्रो विगत, वर्तमान र भविष्यको कथा बोकेको हुन्छ। यसले हामीले गरेको हेरचाह र परिवर्तनहरूलाई सम्झिन्छ । एक दिन माटोले हामीलाई पनि सम्झनेछ। त्यसैले माटोको संरक्षण र यसको स्वास्थ्यमा हाम्रो भूमिकालाई हामीले जानी-बुझिकन गम्भीर रुपमा लिनु आवश्यक छ ।

(माटो वैज्ञानिक पाण्डे कृषि प्रणालीमा कार्बन र नाइट्रोजन चक्र सम्बन्धी विषयका विशेषज्ञ हुन् । स्रोतः अनलाईनखबर)

'नेपालमा वैदेशिक रोजगारको वृद्धिदर र यसको प्रभाव'

राजन भट्टराई

पछिल्ला दुई दशकयता वैदेशिक रोजगारीका लागि ठूलो संख्यामा नेपाली जनशक्ति विदेश पलायन भइरहेको छ । निश्चय नै, बिनापरिश्रम थप आकर्षक जीवनयापनको विकल्प सहजै उपलब्ध होउन्जेल कसैलाई पनि बाँधेर राख्न सकिँदैन । मुलुकलाई नै आकर्षक विकल्प बनाउने प्रयास राज्य सत्ताले गर्नुपर्छ । यस दिशामा किन काम भइरहेको छैन ?

पछिल्ला दुई दशकयता वैदेशिक रोजगारीका लागि ठूलो जनशक्ति नेपालबाट पलायन भइरहेको छ। अङ्ग्रेजी माध्यममा'राम्रो'विद्यालय शिक्षा पाएका विद्यार्थीहरू सामान्यतः नेपाल नफर्कने मानसिकता बोकर विकसित देशहरूतर्फ जानेक्रम तीव्र हुँदा अनवरत प्रतिभा पलायन (ब्रेनड्रेन) भइरहेको र उनीहरूले अर्बौं रुपैयाँ बराबरको विदेशी मुद्रा बर्सेनि मुलुक बाहिर लगिरहेकामा मुलुकको भविष्यप्रति चासो राख्ने वृत्तमा चिन्ता व्यक्त हुने गरेको छ । मुलुकभित्र रोजगारीको अवसर नभएर, उच्च शिक्षा गुणस्तरीय वा व्यावसायिक नभएर वा शिक्षापछिको जीवनवृत्ति सुनिश्चित नभएर यो क्रम तीव्र भएको तर्क सधैं अघि सार्ने गरिएको छ। तर, पछिल्लो समय मुलुक छोड्न देखाइने यी सबै बहानामा आवश्यकता र बाध्यताभन्दा सामाजिक विकृतिकै रूपमा जरा गाड्दै गएको देखासिकी र लहैलहैको पछि लाग्ने प्रवृत्ति मूलतः निर्णायक देखिएको छ । नेपालमा राम्रो जागिर, पेन्सन, आय र रोजगारी भएका हुनेखाने, सम्पन्न र अभिजात वर्गीयहरूले समेत आश्चर्यजनक संख्यामा नेपाल छोडिरहेका छन् । प्रवृत्तिकै रूपमा मौलाएको यस्तो मोहको अर्थ-सामाजिक कोणबाट औचित्य पुष्टि गर्न सहज छैन ।

गत आर्थिक वर्षमा तथ्यांक अनुसार नेपालबाट वैदेशिक रोजगारी का लागि ७ लाख ७५ हजार र अध्ययनका लागि २२ हजार विदेश गएका थिए ! यो तथ्यांकले नेपालबाट ठूलो मात्रामा जनशक्ति विदेश पलायन भइरहेको प्रस्ट देखाउँछ। अनुमान अनुसार, हालसम्म कम्तीमा १ लाख नेपाली परिवार स्थायी रूपमा विदेश गइसकेका छन् । अमेरिका जाने क्रम दशकौं पुरानो भए पनि नेपालबाट हजारौं माइल टाढा यो जोखिमपूर्ण बाटो रोज्ने क्रम कुनै गरिबी वा अशिक्षाको नतिजा मात्र होइन !

अङ्ग्रेजी माध्यममा 'राम्रो' विद्यालय शिक्षा पाएका विद्यार्थीहरू सामान्यतः नेपाल नफर्कने मानसिकता बोकर विकसित देशहरूतर्फ जाने क्रम पनि तीव्र रूपले नै अगाडि बढिरहेको छ , पछिल्लो समयमा नेपालमा भएको सबै सम्पत्ति बेच-बिखन गरेर अमेरिका, क्यानडा, बेलायत वा अस्ट्रेलिया लगायतमा बसोबास गर्न जाने वा उतै बस्ने गरी जाने क्रम पनि बढ्दो छ , विदेशमा एकजना नभएको परिवार अहिले नेपालमा भेटाउन मुस्किल छ दैनिक हजारौं युवा बिदेसिँदा गाउँ युवा शून्य बनेको छ ।

केही वर्षअघि खचाखच हुने शहरी क्षेत्रमा रहेका स्नातक पढाउने क्याम्पस पनि अहिले सुनसानजस्तै देखिन्छन् । क्याम्पसमा स्नातक अध्ययन गर्ने संख्या ठूलै मात्रले घटेको छ , पछिल्लो तथ्यांक अनुसार यसको प्रमुख कारण उच्च शिक्षा अध्ययनका लागि विदेश जाने विद्यार्थीहरुको संख्या बढ्नु हो । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको वैदेशिक अध्ययन अनुमति (एनओसी) शाखाको तथ्यांकअनुसार, आर्थिक वर्ष २०७८/७९ मा १ लाख १७ हजार र २०७९/८० मा १ लाख १० हजार २१७ विद्यार्थीले उच्च शिक्षा अध्ययनका लागि देश छाडेका थिए ।

नेपाल पब्लिक क्याम्पस संघका महासचिव गोविन्दबहादुर कार्कीका अनुसार, स्नातक तहको प्रथम वर्षमा भर्ना भएका विद्यार्थीमध्ये चौथो वर्षमा पुग्दा ६० प्रतिशत विद्यार्थी बाहिरिइसकेका हुन्छन ।

यसरी उच्च शिक्षा अध्ययनका लागि विदेश जाने अधिकांश विद्यार्थी राम्रो अंक ल्याउनेमध्येकै भएकाले, आगामी दिनमा

...बाँकी पृष्ठ ३ मा

राक्सिराङको देवीथान विद्यालयको भवन शिलान्यास

भवन सिलान्यास गर्नुहुँदै सांसद महेश कुमार बर्तौला ।

समाज संवाददाता

हेटौंडाः मकवानपुरको राक्सिराङ गाउँपालिकामा रहेको देवीथान प्राथमिक विद्यालयको भवन शिलान्यास गरिएको छ। राक्सिराङ गाउँपालिका वडा नम्बर-९, खैराङस्थित सलेनीको विकट स्थानमा रहेको देवीथान आधारभूत विद्यालयमा नयाँ भवन निर्माणको शिलान्यास भएको हो ।

शुक्रबार सत्तारुढ दलका मुख्य सचेतक महेशकुमार बर्तौलाले नयाँ भवनको शिलान्यास गर्नुभएको हो । कक्षा-४ मा अध्यनरत विद्यार्थीका लागि आवश्यक नयाँ भवन निर्माण कार्य अघि बढाइएको मुख्य सचेतक बर्तौलाका स्वकीय सचिव आशीष अस्लामी मगरले जानकारी दिनुभएको छ।

सहरी विकास मन्त्रालयको १ करोड रुपैयाँ बजेटमा विद्यालय भवन निर्माण सुरु गरिएको स्वकीय सचिव अस्लामीले बताउनुभयो। संघीय सहरी तथा भवन कार्यालय चितवनले प्रदेश समृद्धि कन्ट्रक्सन निर्माण प्राइभेट लिमिटेडलाई ७७ लाख रुपैयाँमा निर्माण गर्नेगरी ठेक्का दिएको उहाँले बताउनुभयो। आगामी जेठ महिनाको १५ गतेसम्म निर्माण कार्य सम्पन्न गरेर भवन विद्यालयलाई हस्तान्तरण गर्नेगरी सम्झौता भएको उहाँले बताउनुभयो। विद्यालयका विद्यार्थीले एउटै कक्षामा पढ्नुपर्ने बाध्यतालाई मध्यनजर गरेर भवन निर्माण सुरु गरिएको उहाँले बताउनुभयो ।

बाल कक्षादेखि कक्षा-४ सम्मका विद्यार्थीलाई एउटै कोठामा राखेर कक्षा सञ्चालन गर्नुपर्ने अवस्था रहेको उहाँले बताउनुभयो । विद्यालयले विसं २०६५ सालदेखि हालसम्म त्यही समस्या भोग्नुपरेकाले त्यसलाई समाधान गर्न भवन निर्माण गर्न लागिएको उहाँले बताउनुभयो । विद्यालयको २ रोपनी जग्गामा भवन निर्माण हुने उहाँले बताउनुभयो ।

कक्षा-५ सम्म पठनपाठन हुने विद्यालयमा भवनको समस्या भए पनि शौचालय र खानेपानीको उचित व्यवस्थापन रहेको उहाँले बताउनुभयो। राक्सिराङ विकट भएकाले विद्यार्थी १ देखि २ घण्टा पैदलयात्रा गरेर विद्यालय जानुपर्ने अवस्था रहेको उहाँले बताउनुभयो। मनहरी गाउँपालिकाबाट ताम्लाङसम्म बोलेरो गाडी जाने र ताम्लाङदेखि विद्यालयसम्म पैदल हिँडेर जानुपर्ने अवस्था रहेको उहाँले बताउनुभयो ।

विद्यालयका विद्यार्थीलाई गाउँपालिकाले दिवा खाजाको व्यवस्था गरेता पनि विद्यार्थीलाई पर्याप्त नभएको उहाँले जीकिर गर्नुभयो । विद्यालयमा अधिकांश चेपाङ जातिका बालबालिका अध्ययनरत रहेको उहाँले बताउनुभयो । विद्यालयको भवन निर्माण कार्य सम्पन्न भएसँगै बहुकक्षा शिक्षणको समस्या समाधान हुने उहाँको भनाइ छ।

मुख्य सचेतक बर्तौलाले विद्यालय विकट ठाउँमा भएका कारण बालबालिकाका लागि पूर्वाधारको विकास गर्न आवश्यक रहेको बताउनुभयो । गाउँपालिकाले सडक तथा पुल निर्माण गर्न जरुरी रहेको उहाँले औंल्याउनुभयो। शिक्षाको विकास भएमा सबै खालको विकास हुने भएकाले गुणस्तर शिक्षालाई जोड दिन आवश्यक रहेको उहाँले दावी गर्नुभयो ।

देवीथान विद्यालय व्यवस्थापन समितिका अध्यक्ष चन्द्रबहादुर थिङको सभाध्यक्षमा भएको शिलान्यास कार्यक्रममा गाउँपालिकाका अध्यक्ष राजकुमार मल्ल, ४ नम्बरका वडाध्यक्ष, विद्यालयका शिक्षक, अभिभावकहरुको उपस्थिति रहेको थियो ।

शिखा बकैयाको कर्मचुलीमा भेटिइन्

समाज संवाददाता

हेटौंडा : गत आईतबारदेखि परिवारसँग सम्पर्कविहिन हेटौंडा-११, थानाभञ्याङकी किशोरी शिखा अगस्ती मकवानपुरको बकैया गाउँपालिका-४, कर्मचुलीमा भेटिएकी छिन्। बुधबार दिउँसो २ बजेर ४० मिनेटको समयमा कर्मचुलीमा शिखा भेटिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायव उपरीक्षक श्मामु अर्यालले जानकारी दिनुभयो ।

गत आईतबार हेटौंडा-४ स्थित भुटनदेवी माध्यमिक विद्यालयबाट घर फर्केकी १६ वर्षीया शिखा अगस्ती सम्पर्कबिहिन भएकी थिइन् । ११ कक्षामा अध्ययनरत विद्यार्थी शिखा सम्पर्कविहिन भएको भनी सामाजिक सञ्जाल र सञ्चार माध्यममा प्रचारप्रसार भएपछि बकैयाका स्थानीयले शिखाको विषयमा जानकारी गराएको प्रहरीले उल्लेख गरेको छ । सिभिल इन्जिनियरिङ विषयकी विद्यार्थी शिखाको परीक्षाको नतीजा नराम्रो आएको भन्दै अभिभावकले गाली गरेपछि शिखा परिवारबाट सम्पर्कविहिन भएको बताइएको छ। परिवारको सम्पर्कमा नआएकी शिखा साथीको घरमा बस्दै आएकी थिइन्। कमजोर आर्थिक अवस्थाका बाबजुद अभिभावकले दुख गरेर पढाउँदै आए पनि शिखाको पढाई राम्रो हुन नसकेको भनी अभिभावकले गुनासो गर्ने गरेको र परीक्षाको नतीजा पनि कमजोर आएपछि अभिभावकले गाली गर्ने डरले सम्पर्कविहिन बनेको प्रहरीको भनाइ छ । प्रहरीले अभिभावकलाई सम्झाई, बुझाई शिखालाई जिम्मा लगाएको जानकारी दिएको छ।

आयोडिन नुन सम्बन्धी चेतनामुलक कार्यक्रम सम्पन्न

समाज संवाददाता

हेटौंडा : मकवानपुरगढी गाउँपालिकाको आयोजना तथा साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड मकवानपुरको समन्वयमा आयोजना भएको एक दिने आयोडिन नुन सम्बन्धी चेतनामुलक कार्यक्रमको आयोजना भएको छ । मङ्गलबार मकवानपुरगढी गाउँपालिका-३, मक्रान्चुलीस्थित भानु माध्यमिक विद्यालयमा कार्यक्रम भएको विद्यालयका प्रधानाध्यापक राजेन्द्र थापाले जानकारी दिनुभयो ।

स्वास्थ्य निर्देशनालयले हरेक वर्षको फेब्रुअरी महिनामा सचेतनामुलक कार्यक्रमको आयोजना गर्दै आएको कर्पोरेशनका प्रमुख मधुसुदन अधिकारीले बताउनुभयो । यस वर्ष “थोरै खाउँ, सही मात्रामा खाउँ, दुई बालबालिकाको चिन्ह अङ्कित आयोडिन युक्त नुन नै खाउँ” भन्ने मूल नाराका साथ चेतनामुलक कार्यक्रमको आयोजना गरिएको अधिकारीले बताउनुभयो । अधिकारीका अनुसार यस वर्ष ५ वटा विद्यालय, समुदाय स्तर, स्वास्थ्य स्तरमा नुनसम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिएको थियो ।

कर्पोरेशनले विद्यालयको प्राथमिक तहमा पढ्ने ५० जना विद्यार्थीलाई व्याग वितरण गरेको छ। यस्तै ८ र ९ कक्षामा पढ्ने ६० जना भन्दा बढी विद्यार्थीलाई चेतनामूलक कार्यक्रम गरेको हो । कार्यक्रममा नुन खाँदाको फाइदा, खाने तरिका, नुन कसरी उत्पादन हुन्छ, यसमा आयोडिन कसरी मिसाइन्छ, नुन नखाँदा कस्तो असर गर्छ लगायतका विषयमा सहजीकरण गरिएको थियो ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका पदेन सदस्य तथा ३ नम्बरका वडा अध्यक्ष भागवत घिमिरेको सभाध्यक्षतामा रहेको थियो । कार्यक्रममा संचालन सहिद रुद्र स्मृति स्वास्थ्य इकाई इन्चार्ज लक्ष्मण दाहालले गर्नुभएको थियो। कार्यक्रममा गढी गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख ध्रुव लामिछाने, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, प्रधानाध्यापक, सहायक प्रधानाध्यापक, शिक्षक, कर्मचारी, विद्यार्थी लगायतको उपस्थिति रहेको थियो ।

ज्ञानोदयको प्रिन्सिपलमा शर्मा

समाज संवाददाता

हेटौंडा : हेटौंडा-५, पिप्लेस्थित ज्ञानोदय बालवाटिका आवासीय विद्यालयको प्रिन्सिपलमा सन्तोष शर्मा नियुक्त हुनुभएको छ । बिहिबारबाट शर्माले प्रिन्सिपलको जिम्मेवारी सम्हाल्नु भएको विद्यालय सञ्चालक श्यामकुमार बानियाँले जानकारी दिनुभयो ।

यसअघि विद्यालयको प्रिन्सिपलको जिम्मेवारी पनि सञ्चालक श्यामकुमार बानियाँ नै सम्हाल्दै आउनुभएको थियो । सञ्चालक र प्रिन्सिपलको भूमिका निर्वाह गर्न समय अभाव भएकाले शर्मालाई प्रिन्सिपलको जिम्मेवारी दिएको बानियाँको भनाइ छ। बानियाँले ९ वर्ष प्रिन्सिपलको भूमिका निर्वाह गर्नु भएको थियो ।

नवनियुक्त प्रिन्सिपल शर्मा एक दशक भन्दा बढी समयदेखि शिक्षण पेशामा आवद्ध हुनुहुन्छ। उहाँ यसअघि हेटौंडा-७, नागस्वतिस्थित तासिर इंग्लिस सेकेण्डरी स्कूलमा सहायक प्रिन्सिपल हुनुहुन्थ्यो । ज्ञानोदयलाई हेटौंडाको मात्रै नभई देशकै नमूना र अब्बल विद्यालय बनाउने योजना लिएको प्रिन्सिपल शर्माले बताउनुभयो ।

यस्तै विद्यार्थीहरुको व्यक्तिगत रुपमा मूल्याङ्कन नगरी भूगोल, परम्परा, संस्कृतिलाई बुझेर त्यही अनुसार विद्यार्थीलाई पठनपाठनमा सामेल गराउने योजना रहेको उहाँले बताउनुभयो । १० कक्षासम्म पठनपाठन हुने विद्यालयमा ४५० जना विद्यार्थी अध्ययनरत छन् ।

नेपालमा वैदेशिक...

देशले भावी समयका लागि आवश्यक दक्ष जनशक्ति गुमाउँछ। दिनहुँ अवसरको खोजीमा विदेश जान खोज्नेहरूको भिड त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा लाग्ने गरेको छ ।

हामी त्यहाँ गएर बहिर जान लागेका विद्यार्थीहरू लाई सोधपुछ गर्दा उनीहरू भन्छन “नेपालमा पढेर क्षमताअनुसार काम पाइँदैन, यहाँ स्नातक पढेर चार वर्ष बिताउनुभन्दा राम्रोसँग पढ्न विदेश जान लगेको“ र कोही भन्छन “नेपालमा शिक्षामा गरेको लगानीअनुसार रोजगारी पाउने सम्भावना न्यून भएकाले” बिदेश जान लगेको भनेर हामीलाई बताउँछन् ।

बिदेश जान लागेका विद्यार्थीका अभिभावकहरु त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सम्म छोड्न आउँदै गर्दा हामीलाई भन्छन“ अहिलेको समयमा छोराछोरीको यहाँ बस्ने कुनै रुचि नै राख्दैनन्, यही देशमै केही गर्छु भन्ने त सपनामा पनि देख्दैन, बिपना त झन् आशा नै छैन, न सरकारले यस विषयमा कुनै गम्भीरता देखाउँछ, यो एउटा घर परिवारको मात्र कुरा मात्रै भएन अब सय, हजारको नि कुरा भएन, अहिलेको समयमा त प्रत्येक वर्ष लाखौं लाख विद्यार्थी नेपाल नफर्कने मानसिकता बोकेर विकसित देशहरूतर्फ जाने क्रम पनि तीव्र रुपले बढेको छ, यो अवस्था यस्तै भैराख्यो भने देशले निकट भविष्य मै ठूलो क्षति बेहोर्नु पर्ने“ उनी बताउछन !

चिन्ता कसको हो ?

यी सबै गतिविधि, प्रवृत्ति र परिणामबारे राज्यसञ्चालकहरु एवं यहाँका नियामक, प्राज्ञिक एवम् नागरिक समाज र मिडिया कोही पनि बिलकुल जानकर छैनन् त ? छन् भने उनीहरुले यो मात्रामा भइरहेको मानव र पुँजी पलायनलाई स्वाभाविक मानेकै कारण राज्यले बनाउने नीति र कानुनहरूमा यसलाई नियमन वा निरुत्साहित गर्ने व्यवस्था हुन नसकेको हो ? कि मुलुक सञ्चालनको ठेकेदारी गर्ने शासकीय वृत्त र त्यसको वरिपरि घुमेर आफ्नो दुनो सोझ्याउन खप्पिस सुकिला दलालहरूबीचको स्वार्थ-साझेदारीले सबै कुरामा पर्दा लाएको हो? यी प्रश्नका उत्तरहरु सहज छैनन् । अबका पाँच, दस वा पन्ध्र वर्षमा मुलुकको मुहार कस्तो होला भन्ने सवालसँग ती उत्तरहरु सिधैं जोडिएर आउँछन्।

निश्चय नै, बिनापरिश्रम थप आकर्षक जीवनयापनको विकल्प सहजै उपलब्ध होउन्जेल कसैलाई पनि बाँधेर राख्न सकिँदैन । मुलुकलाई नै आकर्षक विकल्प बनाउने प्रयास राज्यसत्ताले गर्नुपर्छ। यस दिशामा किन काम भइरहेको छैन? सिङ्गो मुलुककै बारेमा यति धेरै नकारात्मक भाष्य कसले सृजना गरिरहेको छ र राज्यले त्यसलाई चिर्ने प्रयास किन गरेको छैन ?

धेरै नगर्ने हो भने पनि प्रत्येक वर्ष शिक्षाका नाममा बाहिरिने करिब ३ अर्ब अमेरिकी डलर, स्वास्थ्यमा २ अर्ब डलर र अवैध पुँजी पलायन अनुमानित ३ अर्ब डलर मात्रै मुलुकभित्र अड्याउने नीति बनाउन राज्यलाई केहीले रोक्नु नपर्ने हो । तर, त्यस्तो प्रतिबद्धताको झल्को राज्यले बनाउने आर्थिक, मौद्रिक, विकास र अन्य नीतिमा अनुभूति गर्न पाइएको छैन । सामाजिक संगठनहरु, दबाब समूह र ‘नयाँ’ ढंगको राजनीति गर्न तम्सेकाहरु कसैबाट पनि यी ‘अनौपचारिक’ कोटिमा राखिएका समस्यालाई ‘औपचारिक’ तवरले मुखरित गर्ने आवश्यकता ठानेका छैनन् । कम्तीमा यी समस्याहरुको वास्तविक आयाम कति फराकिलो र गहिरो छ भन्ने तथ्य उजागर गर्नसम्म त राज्यले तत्काल चासो दिनु आवश्यक छ।

निष्कर्ष

रोजगार, आर्थिक अवसर, गरिबी निवारण, विप्रेषण र राष्ट्रिय अर्थतन्त्रमा पुऱ्याएको योगदानको दृष्टिले वैदेशिक रोजगार नेपालमा ज्यादै महत्वपूर्ण छ । प्रतिवर्ष श्रम बजारमा प्रवेश गर्नेको तीन चौथाइ युवायुवतीको प्रमुख आकर्षक वैदेशिक रोजगारी बन्न पुगेको छ। उच्च दक्षता भएका र प्रतिभासमेत मुलुकभित्र रोजगारीको अवसर नहुँदा विदेसिने गरेका छन्। बेरोजगारीमा कमी ल्याउन र गरिबी घटाउन सहयोग पुऱ्याएकाले वैदेशिक रोजगारीलाई तत्काल रोजगारीको वैकल्पिक माध्यमको रुपमा लिइए पनि यो देशका लागि शुभ संकेत होइन ।

सरकारले मुलुकभित्रै पर्याप्त रोजगारीका अवसरको वातावरण निर्माण गर्दै वैदेशिक रोजगारीमा जानेको संख्या घटाउने कार्य योजना ल्याउन आवश्यक छ । कृषि क्षेत्रको आधुनिकीकरण, व्यावसायीकरण र विविधीकरण गर्ने, लगानीमैत्री वातावरण बनाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लगानी कर्तालाई आकर्षित गरी रोजगारीका क्षेत्रको विस्तार गर्ने, उद्योग, व्यापार, पर्यटन, निर्माण आदि क्षेत्रको प्रवर्द्धन गर्ने, उपलब्ध स्रोत र साधनको अधिकतम परिचालन गर्ने, उद्यमशीलता तथा स्वरोजगारी प्रवर्द्धनका कार्यक्रमलाई स्थानीय स्तरसम्म वितरण गर्ने, व्यापक जनशक्तिलाई परिचालन गर्ने र विदेशबाट स्वदेश फर्केका युवाहरूको सीपलाई प्रयोग गर्ने जिम्मा राज्यले लिने जस्ता कार्य र कार्यक्रम कागजी रुपमा मात्र होइन, व्यावहारिक रुपमा सरकारले ल्याउन सके वैदेशिक रोजगारीको समस्या समाधान गर्न सकिन्छ । *(स्रोतः ईकागज)*

हेटौंडा उपमहानगरपालिका

२ नम्बर वडा कार्यालयको सूचना

अपाङ्गताका आधारमा हुने विभेदको अन्त्य गरौं

- अपाङ्गता भएका व्यक्तिको मानवअधिकार सुनिश्चित गरौं,
- अपाङ्गताको आधारमा गरिने भेदभाव सार्वजनिक अपराध हो, यस्ता भेदभावको अन्त्य गरौँ,
- सार्वजनिक निकायका पूर्वाधार र सेवा प्रवाह अपाङ्गमैत्री बनाऔं,
- सार्वजनिक विद्युतीय सूचना प्रणाली र संचारलाई अपाङ्गतामैत्री बनाऔ,
- अपाङ्गताको आधारमा गरिने हरेक विभेद विरुद्ध खुलेर बोल्ने गरौं ।

विष्णुगोपाल महर्जन
वडा अध्यक्ष तथा
२ नम्बर वडा कार्यालय परिवार

साधारणसभा सम्बन्धी सूचना

यस जामे मस्जिद समिति, हेटौंडा-४ को साधारण सभा तथा अधिवेशन तपशिल बमोजिमको मिति, स्थान र समयमा हुने भएकोले अनिवार्य उपस्थित भई दिनुहुनुका लागि सम्पूर्ण साधारण सदस्यहरुमा हार्दिक अनुरोध गरिन्छ ।

तपशिल
मितिः २०८१।११।१६ गते शुक्रबार
स्थानः जामे मस्जिद समिति, हेटौंडा-४, भैरवरोड
समयः दिउँसो २:०० बजे ।

जाकिर हुसेन
सचिव
जामे मस्जिद समिति
हेटौंडा, मकवानपुर
सम्पर्क नं. : ९८४५०३०८०२

साधारण सभा तथा अधिवेशनमा उपस्थित हुने सम्बन्धी सुचना !!!

यस नारायणी यातायात व्यवसायी संघको ३६ औं वार्षिक साधारण सभा तथा १६ औं अधिवेशन निम्न मिति, समय र स्थानमा हुने हुँदा सम्पुर्ण सदस्य व्यवसायीज्यूहरुलाई अनिवार्य उपस्थितिको निमित्त हार्दिक अनुरोध गर्दछु ।

मिति : २०८१।११।१७ गते, शनिबार ।
स्थान : पल्पसा सभाहल, हेटौंडा ।
समय : बिहान ८:०० बजे ।
(**पुनश्च**: सोहि दिन बिहान ७:३० बजे देखि नेपाल मेडिसिटि अस्पताल, काठमाण्डौंका बिशेषज्ञ डाक्टरहरुबाट स्वास्थ्य परिक्षण समेत हुने व्यहोरा अवगत गराईन्छ ।)

सरोजकुमार खनाल
महासचिव
नारायणी यातायात व्यवसायी संघ

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

हेटौंडामा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सुरु

समाज संवाददाता

हेटौंडाः हेटौंडामा उपमहानगर पालिकास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सुरु भएको छ । बुधबार हेटौंडा-४ स्थित हुप्रचौरमा सुरु भएको प्रतियोगिताको उद्‌घाटन नगर प्रमुख मीनाकुमारी लामाले गर्नुभयो ।

हेटौंडा उपमहानगरपालिका नगर खेलकुद विकास समितिको आयोजनामा सुरु भएको प्रतियोगिता शुक्रबारसम्म सञ्चालन हुनेछ । प्रतियोगिता अन्तर्गत बुधबार पहिलो दिन एथ्लेटिक्स, भलिबल, तेक्वान्दो खेल सुरु भएको छ । भलिबल हुप्रचौरको भलिबल कोर्टमा, तेक्वान्दो कभर्ड हलमा सञ्चालन भएको छ ।

हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयको व्यवस्थापनमा सञ्चालन भएको प्रतियोगितामा सामुदायिक र संस्थागत गरी ३८ वटा विद्यालयका विद्यार्थीको सहभागिता रहेको संयोजक राजाराम पोखरेलले जानकारी दिनुभएको छ । प्रतियोगिता अन्तर्गत छात्र/छात्रा भलिबल, कबड्डी, एथ्लेटिक्स, मार्सल आर्टतर्फ कराँते, तेक्वान्दो, उसुलगायतका खेलहरु सञ्चालन हुने संयोजक पोखरेलले बताउनुभयो । भलिबलतर्फको खेलमा महिलाको ८ वटा टिम र पुरुषको १० टिमको सहभागिता रहेको भलिबलका संयोजक नरेन्द्र मुक्तानले बताउनुभयो ।

प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थीलाई स्वर्ण, रजत र काँस्य पदकसहित प्रमाणपत्र प्रदान गरिनेछ । यस्तै, सम्पूर्ण खेलहरुबाट बढी पदक ल्याउँदै विजेता, उपविजेता र तृतीय हुने विद्यालयलाई पनि ट्रफी, मेडल तथा प्रमाणपत्र प्रदान गरिनेछ । नगरस्तरीय प्रतियोगिताबाट छनोट हुने खेलाडीहरु जिल्ला हुँदै प्रदेशस्तरीय प्रतियोगितामा सहभागी हुन पाउनेछन् ।

नगर प्रमुख लामाले हेटौंडाको हरेक वडामा खेलकुद चलायमान अवस्थामा रहेको दावी गर्नुभयो । खेलाडी उत्पादन गर्नका लागि उत्पादकत्वको विकास आवश्यक रहेको उहाँले बताउनुभयो । यस प्रतियोगितामार्फत खेलाडीलाई राष्ट्रियस्तरमा पुग्न सहयोग गर्ने उहाँले बताउनुभयो ।

छात्रा भलिबलको सेमिफाइनल समीकरण पूरा

छात्रतर्फ आधुनिक माविको विजयी सुरुवात

हेटौंडाः हेटौंडा उपमहानगर पालिकाको खेलकुद विकास समितिको आयोजनामा बुधबारबाट सुरु भएको नगरस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता अन्तर्गत छात्रा भलिबलको सेमिफाइनल समीकरण पूरा भएको छ । भलिबलको छात्रतर्फ आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयले विजयी सुरुवात गरेको छ ।

हेटौंडा-४, हुप्रचौरस्थित भलिबल कोर्टमा पहिलो दिन क्वार्टरफाइनल चरणको ८ वटै खेलहरु सम्पन्न भएसँगै प्रतियोगिताको सेमिफाइनल समीकरण पूरा भएको हो । आधुनिक माविले गोरक्षनाथ माविलाई २-० को सोझो सेटले हराएको छ । गोरक्षनाथलाई आधुनिकले २५-१३ र २५-२१ ले हराएको छ । पहिलो दिनको खेलमा छात्रातर्फ जीत निकाल्दै हेटौंडा-५, पिप्लेस्थित ज्ञानोदय आवासीय माध्यमिक विद्यालय, हेटौंडा-१८ स्थित गोरक्षनाथ माध्यमिक विद्यालय, हेटौंडा-१६ स्थित जनप्रिय माध्यमिक विद्यालय र हेटौंडा-२ स्थित सिद्धार्थ माध्यमिक विद्यालयले सेमिफाइनलको यात्रा पूरा गरेको छ ।

छात्रातर्फको भलिबल प्रतियोगितामा ८ वटा टिमको सहभागिता रहेको संयोजक नरेन्द्र मोक्तानले जानकारी दिनुभएको छ । पहिलो खेलमा ज्ञानोदय माविले हेटौंडा-१२ स्थित बुद्ध माविलाई २५-१३ र २५-१७ को सेटले हराएको छ भने दोस्रो खेलमा गोरक्षनाथ माविले हटौंडा-१८ स्थित ज्योति माविलाई २५-१९, २४-२६ र १५-७ को सेटले हराएको छ ।

तेस्रो खेलमा हेटौंडा-१८ स्थित बालबोध माविलाई २५-२२, १६-२५ र १५-११ को सेटले हराएको हो । क्वार्टरफाइनल चरणको अन्तिम खेलमा हेटौंडा-१९, बस्तीपुरस्थित निर्मल माध्यमिक विद्यालयलाई २५-८ र २५-११ को सेटले सिद्धार्थ माविले हराएको हो । छात्रा भलिबल प्रतियोगिता अन्तर्गत आज बिहीबार सेमिफाइनल चरणको खेलहरु सञ्चालन हुने भलिबलका संयोजक नरेन्द्र मोक्तानले बताउनुभयो ।

हेटौंडा उपमहानगरपालिका स्तरीय
अन्तर मा. वि.
राष्ट्रपति रनिङ शिल्ड छनौट प्रतियोगिता-२०८१
फागुन १४ देखि १६ गते सम्म
श्री आधुनिक राष्ट्रिय मा. वि.

राष्ट्रपति रनिङ शिल्डः तेक्वान्दोमा जनज्योति प्रथम

हेटौंडाः हेटौंडामा सुरु भएको नगर स्तरीय राष्ट्रपति रनिङ शिल्डमा तेक्वान्दोतर्फ हेटौंडा-१४, मयूरधापस्थित जनज्योति माध्यमिक विद्यालय प्रथम भएको छ । शनिबार हेटौंडा-४ स्थित बहुद्देश्यीय कभर्डहलमा सम्पन्न भएको प्रतियोगितामा जनज्योति तेक्वान्दो डोजाङले ४ वटा स्वर्ण, २ वटा रजत र ४ कास्यपदक प्राप्त गरेको छ ।

हेटौंडा-२ स्थित सिद्धार्थ माध्यमिक विद्यालय दोस्रो भएको छ । सिद्धार्थ माविले ३ वटा स्वर्ण प्राप्त गर्दै दोस्रो भएको हो । पालिकास्तरीय प्रतियोगिता अन्तर्गत ५ वटा सामुदायिक र ३ संस्थागत विद्यालयबाट ९६ जना विद्यार्थी सहभागी भएको कार्यक्रम संयोजक विमल विश्वकर्माले जानकारी दिनुभएको छ ।

केरोगीतर्फ ८६ जना र पुम्सेमा १० जना विद्यार्थी प्रतियोगितामा सहभागी भएको संयोजक विमल विश्वकर्माले बताउनुभयो । प्रतियोगितामा सहभागीमध्ये ४० जना विजेता बन्दै पदक पाउने भएका छन् भने ५६ जना पदकविहीन हुनेछन् । महिलातर्फ ४५ केजीदेखि ५२ केजी तौल समूहसम्मका तथा पुरूषतर्फ ४५ देखि ५९ केजी तौल समूहसम्मका खेलाडीहरूको सहभागिता रहेको थियो । पालिकाबाट छनौट भएका खेलाडीले जिल्लास्तरीय प्रतियोगितामा सहभागिता जनाउन पाउनेछन् ।

प्रतियोगिताको उद्‌घाटन समारोहमा मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष राजकुमार मुक्तान, हेटौंडा-४ का वडाध्यक्ष नवीन सिग्देल, कार्यालय प्रमुख माधव कोइराला, एथ्लेटिक्स संघका जिल्ला अध्यक्ष प्रभाकर पाण्डे र आधुनिक राष्ट्रिय माविका प्रधानाध्यापक रामसागर गुरागाईं लगायतको उपस्थिति रहेको थियो ।

गत वर्षको प्रतियोगितामा हेटौंडा-१६, हटियास्थित जनप्रिय मावि प्रथम भएको थियो । ९ स्वर्ण, ६ रजत र ६ कास्य पदकसहित जनप्रिय मावि प्रथम हुन सफल भएको थियो । प्रतियोगितामा हेटौंडा-९ स्थित प्रगति मावि द्वितीय भएको थियो । प्रगति माविले ९ स्वर्ण, २ रजत र २ कास्य पदक जितेका थियो । समान ४ स्वर्ण, २ रजत र २ कास्यसहित हेटौंडा-१८ स्थित ज्योति मावि र हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय मावि तेस्रो स्थानमा रहेका थिए ।

दुर्घटनामा मोटरसाइकल चालकको मृत्यु

समाज संवाददाता

हेटौंडाः चितवन जिल्लाको राप्ती नगरपालिका-६, हर्दीचोकमा ट्याक्टर र मोटरसाइकल एक आपसमा ठोकिएर दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । मंगलबार राति ८ बजेर ३० मिनेटको समयमा भएको दुर्घटनामा मोटरसाइकल चालकको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

दुर्घटनामा मोटरसाइकल चालक गोरखा जिल्लाको फुजेल गाउँपालिका-६ का ४० वर्षीय भुपेन्द्र श्रेष्ठ र पछाडि सवार राप्ती नगरपालिका-४, डडुवा बस्ने २५ वर्षीय सविना थापा घाइते भएका थिए । घाइते दुवैलाई उपचारका लागि चितवनस्थित नयाँ मेडिकल कलेज लगिएको थियो । चालक भुपेन्द्रको उपचारको क्रममा राति ९ बजेर ४७ मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ । पूर्वपश्चिम राजमार्गमा भित्री सडक खण्डबाट गएको ना ७ त ४७३० नम्बरको ट्याक्टरमा वीरेन्द्रनगर तर्फबाट भन्डारातर्फ आउँदै गरेको बा प्र ०६-००१ प ३९०८ नम्बरको मोटरसाइकल ठोकिएको हो ।

राष्ट्रपति रनिङ शिल्ड

एथ्लेटिक्समा १० विधाका खेल सम्पन्न

हेटौंडाः हेटौंडा उपमहानगर खेलकुद विकास समितिको आयोजनामा तथा हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयको व्यवस्थापनमा सुरु भएको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा एथ्लेटिक्सतर्फको खेलहरु सम्पन्न भएको छ ।

बुधबार हेटौंडा-४ स्थित हुप्रचौरमा एथ्लेटिक्सतर्फको १० विधाका खेलहरु सम्पन्न भएको प्रतियोगिताका संयोजक राजाराम पोखरेलले जानकारी दिनुभएको छ । एथ्लेटिक्सतर्फ ज्याभलिङ थ्रोको उद्‌घाटन नगर प्रमुख मीनाकुमारी लामाले गर्नुभयो । छात्रतर्फ १०० मिटर दौडमा हेटौंडा-१० स्थित तुल्सीमेहर बोर्डिङका सुविन लामा प्रथम, हेटौंडा-४ स्थित भुटनदेवी माविका आशीष यादव द्वितीय र हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय माविका विकासराज रजक तृतीय भएका छन् । छात्रातर्फको १०० मिटर दौडमा हेटौंडा-१६, हटियास्थित जनप्रिय माविका प्रतीमा पनेरु प्रथम, हेटौंडा-१८, हर्नामाडीस्थित बालबोध मावि जेनिशा अर्याल द्वितीय र हेटौंडा-८, कमानेस्थित चन्द्रोदय माविका सृजना सिन्तान तृतीय भएका छन् ।

छात्रतर्फ ४ गुणा ४०० मिटरको रिले दौडमा भुटनदेवी मावि प्रथम, हेटौंडा-२ स्थित सिद्धार्थ मावि द्वितीय र जनप्रिय माविको विद्यार्थी समूह तृतीय भएका छन् । छात्रातर्फ रिले दौडमा चन्द्रोदय माध्यमिक विद्यालय प्रथम, ज्योति माध्यमिक विद्यालय द्वितीय र जनप्रिय माध्यमिक विद्यालय तृतीय भएका छन् । छात्रतर्फ ८०० मिटर दौडमा सिद्धार्थ माध्यमिक विद्यालयकी सुशीला वाइबा प्रथम, सिद्धार्थ शिशु सदनका नितेश यादव द्वितीय र जनप्रिय माविका कौशल सहकारी तृतीय भएका छन् । छात्रातर्फ हेटौंडा-९ स्थित प्रगति माध्यमिक विद्यालयकी साधना लामा प्रथम, भुटनदेवी माविकी अनुस्का यादव द्वितीय र ज्योति माविकी राधा विश्वकर्मा तृतीय भएकी छिन् ।

छात्रतर्फ १५०० मिटर दौडमा हेटौंडा-१९, बस्तीपुरस्थित निर्मल माध्यमिक विद्यालयका सुवास योन्जन प्रथम, सुशील यादव द्वितीय र नितिश यादव तृतीय भएका छन् । छात्रातर्फ प्रगति माविकी साधना लामा प्रथम, ज्योति माविकी रेश्मा थापा द्वितीय र जनप्रिय माविकी सजिना विश्वकर्मा तृतीय भएकी छिन् । छात्रतर्फ ४०० मिटरमा सिद्धार्थ माविका विनिश श्रेष्ठ प्रथम, जनप्रियका पर्वत मगर द्वितीय र जनज्योति माविकी प्रविन घले तृतीय भएका छन् । छात्रातर्फ आधुनिक माविकी हसिना खातुन प्रथम, जनप्रिय माविकी विद्या खनाल द्वितीय र बालबोध माविकी सपना लामा तृतीय भएकी छिन् ।

छात्रतर्फको ट्रिपल जम्पमा भुटनदेवी माविका बब्लु यादव प्रथम, सजिद अली द्वितीय र हेटौंडा-११ स्थित त्रिभुवन माध्यमिक विद्यालयका सम्बन्ध डिम्डुङ तृतीय भएका छन् । छात्रातर्फ भुटनदेवी माविकी निरुता चौलागाई प्रथम, जनप्रिय माविकी प्रियङ्का द्वितीय र त्रिभुवन माविकी रचना मुक्तान तृतीय भएकी छिन् । छात्रतर्फ सटपुटमा निर्मल माविका सुजन प्रजा प्रथम, प्रगति माविका अश्विन रोक्का द्वितीय र जनज्योति माविक दीपेन्द्र सुनार तृतीय भएका छन् । छात्रातर्फ भूटनदेवी माविकी नैना शाह प्रथम, ज्योति माविकी राधा विश्वकर्मा द्वितीय र प्रगति माविकी सुमीरा भण्डारी तृतीय भएकी छिन् ।

ज्याभ्लिङ थ्रोमा छात्रतर्फ वालबोध माविका अश्विन गोले प्रथम, जनप्रिय माविका कौशल सहकारी द्वितीय र महेन्द्र किरण माविका सौगात काफ्ले तृतीय भएका छन् । छात्रातर्फको ज्याभ्लिङ थ्रो खेल भने हुन बाँकी रहेको छ । छात्रतर्फ लङ्गजम्पमा तुलसीमेहर बोर्डिङका सुविन गोले प्रथम, भूटनदेवी माविका सजिद अली द्वितीय र बब्लु राय यादव तृतीय भएका छन् ।

मेयरकप स्नुकर

हेटौंडाका चार जना दोस्रो चरणमा

समाज संवाददाता

हेटौंडाः रुपन्देही जिल्लाको बुटवल उपमहानगरपालिकामा जारी प्रथम संस्करणको अल नेपाल बुटवल मेयर कप खुला स्नुकर प्रतियोगितामा हेटौंडा उपमहानगरपालिकाका ४ जना खेलाडी दोस्रो चरणमा प्रवेश गरेका छन् । बुधबार बुटवलको सिंह कम्प्लेक्सस्थित खस्यौली स्नुकर क्लबमा भएको खेलहरुमा जीत निकाल्दै हेटौंडाको प्रतिनिधित्व गरेका ४ जना खेलाडीले दोस्रो स्थानमा प्रवेश गरेका हुन् ।

हेटौंडाका खेलाडी सोम लामा, जिनेश श्रेष्ठ, विनय लामा र मिथुन लामा विजयी हुँदै दोस्रो चरणमा प्रवेश गरेको हेटौंडा-४ स्थित बुद्ध स्नुकर हाउसका सञ्चालक पूर्णभक्त लामाले जानकारी दिनुभएको छ । प्रतियोगितमा सोम लामाले राजेश महर्जनलाई ३-० को साझो सेटले पराजित गर्नुभएको छ भने जिनेश श्रेष्ठले काठमाडौं महानगरपालिकाका जितेन लामालाई ३-१ को सेटले पराजित गर्नुभएको छ । यस्तै, विनय लामाले नवल अग्रवाललाई ३-१ को सेटले पराजित गर्नुभएको छ । प्रतियोगितामा हेटौंडा उपमहानगरपालिकासहित रुपन्देही, काठमाडौं, पोखरा, धरान, ललितपुर, भक्तपुर, नारायणगढ, इटहरी, बिर्तामोड, बनेपा, परासीलगायतका ठाउँहरुबाट करिब २ सय जना भन्दा बढी स्नुकर खेलाडीको सहभागिता रहेको छ ।

प्रतियोगिताको उपाधि विजेताले ३ लाख ३ हजार रुपैयाँसहित मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेताले एक लाख एक हजार रुपैयाँसहित मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । हाइएस्ट ब्रेकरले ५५ हजार रुपैयाँ तथा सेमिफाइनलिष्टले ३० हजार रुपैयाँ प्राप्त गर्नेछन् । यस्तै, राइजिङ्ग स्टार र अनुशासनको पालना गर्ने खेलाडीले स्नुकर स्टिक प्राप्त गर्नेछन् ।

जिल्लास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड फागुन १८ गतेबाट

समाज संवाददाता

हेटौंडा : १५ औं संस्करणको मकवानपुर जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता फागुन १८ गतेबाट हुने भएको छ । मकवानपुर जिल्ला खेलकुद विकास समितिको बैठकको निर्णयअनुसार जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता फागुन १८ देखि २० गतेसम्म गरिने अध्यक्ष राजकुमार मुक्तानले बताउनुभयो ।

प्रतियोगिता हेटौंडा-४, हुप्रचौरमा बिहान ८ बजेबाट सुरु हुनेछ । प्रतियोगितमा सहभागी हुनका लागि १८ वर्षभन्दा कम उमेर समूहका खेलाडीहरु हुनुपर्ने जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख माधव कोइरालाले बताउनुभयो । प्रतियोगितामा मकवानपुरको पालिकाभित्रका खेलाडीहरुको सहभागिता रहने उहाँले बताउनुभयो । प्रतियोगिताका लागि बागमती प्रदेश खेलकुद विकास परिषद्को सहयोग रहनेछ । प्रतियोगितामा एथ्लेटिक्स, कबड्डी, भलिबल, कराँते, उसु, तेक्वान्दोलगायतका खेलहरु सञ्चालन हुनेछ । कराँते, उसु, तेक्वान्दो हेटौंडा-४, पारिजातपथस्थित बहुउद्देश्यीय कर्भड हलमा, एथ्लेटिक्स हुप्रचौरमा र भलिबल हुप्रचौरको भलिबल कोर्टमा सञ्चालन हुनेछ । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने खेलाडीहरुलाई क्रमशः स्वर्ण, रजत र काँस्य पदकसहित प्रमाणपत्र प्रदान गरिनेछ ।

प्रतियोगिताको विजेता, उपविजेता र तृतीय हुने टिमलाई शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिनेछ । गत वर्ष सम्पन्न भएको १४ औं संस्करणको राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको उपाधि हेटौंडा उपमहानगरपालिकाले जितेको थियो । हेटौंडाले २० वटा स्वर्ण, ७ वटा रजत र १९ वटा काँस्य पदक प्राप्त गर्दै उपाधि जितेको थियो । बकैया गाउँपालिकाले १२ वटा स्वर्ण, १० रजत र ८ वटा काँस्य पदक प्राप्त गर्दै द्वितीय र थाहा नगरपालिकाले ७ वटा स्वर्ण, ८ वटा रजत र १३ वटा काँस्य पदक प्राप्त गरेर तृतीय भएको थियो ।

गत वर्षको प्रतियोगितामा मकवानपुरको १० वटा पालिकाबाट ७ सयको हाराहारीमा खेलाडीको सहभागिता रहेको थियो । जिल्लास्तरीय प्रतियोगिताबाट छनौट भएका खेलाडीहरु प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागी हुन पाउनेछन् । जिल्लास्तरीय प्रतियोगिता सम्पन्न गर्नका लागि करिब ६ लाख रुपैयाँ खर्च हुने आयोजकको अनुमान रहेको छ ।

तीन दिने उत्प्रेरणात्मक कार्यक्रम सम्पन्न

समाज संवाददाता

बकैयाः बकैया गाउँपालिका-४, छतिवनस्थित महेन्द्र माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय)ले तीन दिने उत्प्रेरणात्मक कार्यक्रम गरेको छ । आइतबारबाट सुरु भएको कार्यक्रम मंगलबार सम्पन्न भएको विद्यालयका प्रधानाध्यापक देवकी उप्रेतीले जानकारी दिनुभयो ।

कार्यक्रमको पहिलो दिन सांगीतिक प्रार्थना व्यवस्थापन तथा विद्यार्थी मोटिभेसनसम्बन्धी तालिम प्रदान गरिएको बुटवलस्थित कालिका मानवज्ञान माविका प्रार्थना प्रशिक्षक हरिस वलीले जानकारी गराउनुभएको थियो । वलीले बिहानको समयमा विद्यालयमा प्रार्थना कसरी गर्ने भन्ने विषयमा जानकारी गराउनुभएको हो ।

यस्तै, दोस्रो दिन पिटी व्यवस्थापन शिक्षक, कर्मचारी, विद्यालय, व्यवस्थापन समितिका पदाधिकारी र पिटिए पदाधिकारीहरूलाई मोटिभेसन सेसन र कालिका मानवज्ञान माविको असल र सफल अभ्यासबारे अन्तरक्रियात्मक कार्यक्रम सञ्चालन गरिएको थियो । सोही दिन कक्षा ८ देखि १२ कक्षासम्म पढ्ने ३६७ जना विद्यार्थीहरूलाई शिक्षक र विद्यार्थीको सम्बन्धबारे जानकारी गराइएको थियो ।

तेस्रो दिन अभिभावक सम्मान कार्यक्रम गर्दै कार्यक्रम सम्पन्न गरिएको विद्यालयकी प्रधानाध्यापक उप्रेतीले जानकारी दिनुभयो । विद्यार्थीहरुमा सकारात्मक धारणा विकास गराउने उद्देश्यले कार्यक्रम गरिएको उहाँले बताउनुभयो । विद्यार्थीलाई अभिभावक, शिक्षक, विद्यालय र घरपरिवारसँग कसरी रहने भन्ने विषयमा जानकारी प्रदान गर्न कार्यक्रम सहयोगी भएको उहाँको भनाइ छ ।

मकवानपुर जिल्लामा नै पहिलोपटक महेन्द्र माविमा यो कार्यक्रम आयोजना भएको प्रधानाध्यापक उप्रेतीले जानकारी दिनुभयो । कार्यक्रममा गाउँपालिकाका उपाध्यक्ष भक्तबहादुर खत्री, शिक्षक, अभिभावक, कर्मचारी, विद्यार्थीलगायतको उपस्थिति रहेको थियो । १२ कक्षासम्म पठनपाठन हुने विद्यालयमा ६५१ जना विद्यार्थी अध्ययनरत छन् ।

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ